आमचोक गाउँ कार्यपालिकाको निर्णय पुस्तिका : वैठक मितिः- २०८२/०२/०६ वैठक संख्याः-१६

आज मिति २०८२ साल जेष्ठ ६ गते मङ्गलवारको दिन आमचोक गाउँपालिकाको अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँ कार्यपालिकाको वैठक देहाय बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

उपस्थिति

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री निम्नुरी शेर्पा | |
| ४ | सदस्य (कार्यवाहक वडा अध्यक्ष) | श्री दुर्गा वहादुर विष्ट | |
| ५ | सदस्य | श्री गोपाल राई | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री नविन राई | |
| १० | सदस्य | श्री सन्तोष राई | |
| ११ | सदस्य | श्री रोशन मगर | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री सुक माया राई | |
| १४ | सदस्य | श्री शान्ति राई | |
| १५ | सदस्य | श्री सुजता प्रधान | |
| १६ | सदस्य | श्री भवानी विष्ट | |
| १७ | सदस्य | श्री मञ्जु भुजेल | |
| १८ | सदस्य | श्री गोविन्द परियार | |
| १९ | सचिव | श्री धन कुमार राई | |
| २० | प्रशासन शाखा प्रमुख | श्री राजेश राई | |

प्रमुख प्रशासकीय अधिकृत

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बालुवा, भोजपुर
२०७३

अशोक राई
अध्यक्ष

**प्रस्तावहरु**

१. आमचोक गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका,२०८२ स्वीकृति सम्वन्धमा
२. आमचोक गाउँपालिकाको विद्यालय कर्मचारी तथा वालविकास सहजकर्ता व्यवस्थापन कार्यविधि २०८२ स्वीकृति सम्वन्धमा
३. आमचोक गाउँपालिकाको कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि,२०८२ स्वीकृति सम्वन्धमा
४. कक्षा घटुवा सम्वन्धमा
५. कक्षा थप सम्वन्धमा
६. शिक्षक काज सरुवा सम्वन्धमा
७. योजनाहरुको म्याद थप सम्वन्धमा
८. औषधी खरीद सम्वन्धमा
९. स्यानीटरी प्याड खरीदको रकम भुक्तानी सम्वन्धमा
१०. आमचोक गाउँपालिकाको आवश्यक कागजातहरुको मठ तयारीको रकम भुक्तानी सम्वन्धमा
११. परिक्षा विदा स्वीकृती सम्वन्धमा
१२. रासायनिक मल ढुवानी सम्वन्धमा
१३. वडा सचिवको थप जिम्मेवारी सम्वन्धमा
१४. भूमि समस्या सहजिकरण समिति गठन सम्वन्धमा
१५. अर्वुद रोग सम्वन्धी सचेतना कार्यक्रम सम्वन्धमा
१६. आर्थिक सहायता सम्वन्धमा
१७. आमचोक गाउँपालिकाको अङ्ग्रेजी नामाङ्कन संसोधन सम्वन्धमा

**निर्णयहरु**

**निर्णय नं.१**

प्रस्ताव नं. १ माथि छलफल भई आमचोक गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका,२०८२ स्वीकृत गर्ने ।

**निर्णय नं.२**

प्रस्ताव नं. २ माथि छलफल भई आमचोक गाउँपालिकाको विद्यालय कर्मचारी तथा वालविकास सहजकर्ता व्यवस्थापन कार्यविधि, २०८२ स्वीकृत गर्ने ।

**निर्णय नं.३**

प्रस्ताव नं. ३ माथि छलफल भई आमचोक गाउँपालिकाको कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि,२०८२ स्वीकृत गर्ने ।

**निर्णय नं.४**

प्रस्ताव नं. ४ माथि छलफल भई विद्यालय व्यवस्थापन समितिको निर्णय , शिक्षा शाखाको प्रतिवेदन र गाउँशिक्षा समितिको सिफारिस वमोजिम वालकल्याण आ.वि.(०-५) आमचोक १० कार्कीछापमा कक्षा ५ सम्म पठन पाठन सञ्चालन भइरहेकोमा विद्यार्थी संख्या न्यून रेहेकोले शैक्षिक सत्र २०८२ देखि कक्षा घटुवा गरी कक्षा ३ सम्म मात्र सञ्चालन गर्न स्वीकृति दिने ।

प्रमुख प्रशासकीय अधिकृत

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालुवा, भोजपुर

अशोक राई अध्यक्ष

**निर्णय नं.५**

प्रस्ताव नं. ५ माथि छलफल भई विद्यालय व्यवस्थापन समितिको निर्णय , शिक्षा शाखाको प्रतिवेदन र गाउँशिक्षा समितिको सिफारिस वमोजिम दुधकोशी आ.वि.(०-३) आमचोक १० सेतो गरगरेमा कक्षा (०-३) सम्म पठन पाठन भइरहेकोमा शैक्षिक सत्र २०८२ देखि कक्षा ४ थप गरी सञ्चालन गर्न स्वीकृति दिने ।

**निर्णय नं.६**

प्रस्ताव नं. ६ माथि छलफल भई शिक्षा समितिको सिफारिस वमोजिम वालक्ल्याण आ.वि. आमचोक १० कार्कीछापमा प्राथमिक तह तृतिय श्रेणीमा कार्यरत शिक्षक श्री किशोर कुमार हमाललाई दुधकोशी आ.वि. सेतो गरगरे आमचोक १० मा काज सरुवा गर्ने ।

**निर्णय नं.७**

प्रस्ताव नं. ७ माथि छलफल भई तपशिल वमोजिमको योजनाहरुको म्याद समाप्त भएकोले उपभोक्ता समितिहरुको आवेदन र योजना शाखाको टिप्पणी वमोजिम २०८२ असार २० गते सम्मको लागि म्याद थप गर्ने ।

| क्र स | योजनाको नाम र ठेगाना | म्याद समाप्त भएको मिति | म्याद थप गर्नुपर्ने कारण |
|---|---|---|---|
| १ | कफि खेति प्रबर्दन कार्यक्रम | २०८२।०१।२४ | मौसम अनुकुलता नभएको । |
| २ | खलङ्गा हैखराङ सडक नाली रो.स. आमचोक-६ | २०८१।१२।२९ | दक्ष जनशक्तिको अभाब भएको । |
| ३ | विष्ट टोल सिवालय मन्दिर ,आमचोक-८ | २०८१।१२।३० | लागत अनुमान अनुसार समयमा सामान नपाएको। |
| ४ | वान्थेलुङ सडक सर्भे निर्माण उ.स. आमचोक-८ | २०८२।०१।२५ | लागत अनुमान अनुसार समयमा सामान नपाएको। |
| ५ | पसल भञ्याङ साकेला थान संरक्षण आमचोक-३ | २०८२।०१।३० | लागत अनुमान समयमै सामान नपाएको । |
| ६ | वेसार खेति कार्यक्रम आमचोक- ७ | २०८२।०१।३० | मौसम अनुकुलता नभएको । |
| ७ | वालखां पानिटार खेल मैदान आमचोक-४ खेल मैदान स्तरउन्नति | २०८२।०१।१९ | स्काभेटर मेसिन समयमै नपाएको |

**निर्णय नं.८**

प्रस्ताव नं. ८ माथि छलफल भई चालु आ.व. २०८१/०८२ मा यस गाउँपालिकामा नेपाल सरकार वित्तिय समानीकरण अनुदान अन्तर्गत औषधि खरीद शिर्षकमा रु. १०,००,०००। बजेट बिनियोजन भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ को उपनियम (१ क) अनुसार खरिद गर्ने ।

**निर्णय नं.९**

प्रस्ताव नं. ९ माथि छलफल भई विद्यालय शिक्षा क्षेत्र योजना शसर्त अनुदान अन्तर्गत सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड ब्यवस्थापन शिर्षकवाट सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ को उपनियम (१ क) वमोजिम स्यानीटरी प्याड खरीद भएको जिन्सी दाखिला प्रतिवेदन, मुल्याङ्कन समितिको निर्णय र आवश्यक विल वमोजिम Ankur Diagnostic And Surgical Centre Biratnagar लाई रु. ९५४०००। (अक्षेरुपी नौलाख चवन्नहजार मात्र) भुक्तानी दिने ।

०८२।२।६
प्रमुख प्रशासकीय अधिकृत

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालङ्खा, भोजपुर २०७३

०८२।२।६
अशोक राई
अध्यक्ष

**निर्णय नं.१०**
प्रस्ताव नं. १० माथि छलफल भई आमचोक गाउँपालिकाको आवश्यक कागजातहरुको मठ तयारी भई आवश्यक विलभर्पाईहरु जिल्ला प्रशासन कार्यालय भोजपुरवाट प्राप्त भएकोले नेपाल सरकार राजश्व अनुदानको अन्य कार्यालय सञ्चालन शिर्षकवाट विल वमोजिम रु ४००००। (चालिसहजार मात्र) भुक्तानी दिने ।

**निर्णय नं.११**
प्रस्ताव नं. ११ माथि छलफल भई असिस्टेन्ट सव इन्जिनियर प्रमोद राईको Bachelor in Civil Engineering को दोश्रो वर्षको First Semister को परिक्षाको लागि मिति २०८२ जेष्ठ १८ गतेदेखि असार १० गतेसम्म २४ दिन घरविदावाट कट्टा हुने गरी परिक्षा विदा स्वीकृत गर्ने

**निर्णय नं.१२**
प्रस्ताव नं. १२ माथि छलफल भई आमचोक गाउँपालिकाको सदरमुकाम सम्म ढुवानी भइ आएका रासायनिक मल कृषकहरुको सुविधालाई मध्येनजर गरी वडा र टोलसम्म गाउँपालिकाको ट्र्याक्टरद्वारा निशुल्क ढुवानी गरिदिने ।

**निर्णय नं.१३**
प्रस्ताव नं. १३ माथि छलफल भई आमचोक ६ मा कार्यरत नायव प्राविधिक सहायक (चौथो) श्री भुवन डाँगीलाई वडा नं ३ को सचिवको थप जिम्मेवारी दिने ।

**निर्णय नं.१४**
प्रस्ताव नं. १४ माथि छलफल भई भूमिहिन दलित,भूमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीको लगत संकलन सम्वन्धी कार्यविधि २०८१ को दफा ४ को उपदफा (१) वमोजिम स्थानीय तहस्तरीय भूमि समस्या सहजीकरण समिति तपशिल वमोजिम गठन गर्ने ।

**तपशिल**

- संयोजक : गाउँपालिका अध्यक्ष श्री अशोक राई
- उपसंयोजक: गाउँपालिका उपाध्यक्ष श्री सीता राई
- सदस्य: राष्ट्रिय मान्यता प्राप्त दलको प्रतिनिधि (नेकपा माओवादी केन्द्र गाउपार्टी अध्यक्ष) श्री राजिन कुमार राई
- सदस्य : राष्ट्रिय मान्यता प्राप्त दलको प्रतिनिधि (नेपाली काङ्ग्रेस गाउँपार्टी सभापति) श्री रविन राई
- सदस्य : राष्ट्रिय मान्यता प्राप्त दलको प्रतिनिधि (नेकपा एमाले जि.क.स.) गणेश वहादुर खत्री
- सदस्य : कार्यपालिका सदस्य (महिला) श्री भवानी विष्ट
- सदस्य : कार्यपालिकाको सदस्य (दलित/अल्पसंख्यक) श्री गोविन्द परियार
- सदस्य सचिव : प्रमुख प्रशासकीय अधिकृत श्री धन कुमार राई

२०८२/२/६    ०८२।२।६

प्रमुख प्रशासकीय अधिकृत    आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालुवा, भोजपुर २०७३    अशोक राई अध्यक्ष

**निर्णय नं.१५**

प्रस्ताव नं. १५ माथि छलफल भई नेपाल अर्वुद रोग निवारण संस्था जिल्ला शाखा घोडेटारको आयोजनामा विश्व धुम्रपान रहित दिवसको उपलक्ष्यमा आमचोक गाउँपालिकामा अर्वुद रोग सम्वन्धी सचेतना कार्यक्रम मिति २०८२ जेष्ठ १७ गते सञ्चालन हुने भएकोले गाउँपालिकाले सहभागीहरुलाई उपस्थितिको लागि पत्रचार गर्ने र खाजा खर्च वापतको रकम वढीमा रु.१००००।(दशहजार) भुक्तानी गरिदिने ।

**निर्णय नं.१६**

प्रस्ताव नं. १६ माथि छलफल भई आवश्यक कागजात र वडा कार्यालयको सिफारिस वमोजिम तपशिल वमोजिमको व्यक्तिहरुलाई नेपाल सरकार राजश्व अनुदानको अन्य सहयता शिर्षकवाट आर्थिक सहायता उपलव्ध गराउने ।

क) आमचोक १० दुधकोशी नदीमा घोप्टो परेको अवस्थामा २०८१ चैत्र २९ गते भेटिएको अन्दाजी वर्ष ५०/५५ को वेवारिसे लास सनाखत हुन नसकी गाउँपालिकाको अनुरोधमा धरान १७ को रमेश चापागाईले दाह संस्कार गरेको हुँदा दाह संस्कार वापतको एकमुष्ठ रकम उपलव्ध गराइदिन जिल्ला प्रहरी कार्यालय भोजपुरको पत्रको आधारमा रमेश चापागाईलाई रु.१००००।(दशहजार) उपलव्ध गराउने ।

ख) आमचोक वडा नं ३ निवासी हरी सुवेदिको मिति २०८२ वैशाख १५ गते हावाहुरी र चट्याङले २ वटा भैंसी मरेको प्रहरी सर्जिमिन मुचुल्का वमोजिम १५००००। क्षेती भएको हुँदा रु. २००००।(विसहजार) राहत उपलव्ध गराउने ।

ग) आमचोक ९ निवासी सुशील राईको मिति २०८२ वैशाख १५ गते हावाहुरी र चट्याङले विद्युत सटभइ आगलागी हुँदा आंसिक रुपमा घर र पूर्णरुपमा किचन / वाथरुम जलि ३४९८००। क्षेति भएको प्रहरी प्रतिवेदनको आधारमा रु.२००००।(विसहजार) राहत उपलव्ध गराउने ।

घ) खोटाङ्ग जिल्ला जन्तेढुङ्गा गाउँपालिका ३ निवासी दत्त राई कलेजो ड्यामेज भई विराट मेडिकल कलेज विराटनगरमा भेन्टिलेटरमा उपचारत रहेकोले रु.२००००।(विसहजार) सहयोग उपलव्ध गराउने ।

**निर्णय नं.१७**

प्रस्ताव नं. १७ माथि छलफल भई आमचोक गाउँपालिकाको अङ्ग्रेजी नामाङ्कन Aamchok हुनु पर्नेमा Aamchowk हुन गएको र गृह प्रशसन, पञ्जिकरण विभाग, राहादानी विभाग र गाउँपालिकाको सम्पूर्ण यूनिटहरुमा Aamchok कायम भैसकेको हुँदा श्री मालपोत कार्यालय भोजपुर, श्री आन्तरिक राजश्व कार्यालय भोजपुर, जिल्ला नापी कार्यालय भोजपुर ,जिल्ला प्रहरी कार्यालय भोजपुर, विद्युत प्राधिकरण भोजपुर, नेपाल टेलीकम भोजपुर, शसस्त्र प्रहरी गुल्म टक्सार, जिल्ला समन्वय समिति भोजपुर, नेपाल राष्ट्र वैंक, सिद्धर्थ वैंक आमचोक, जिल्ला स्वास्थ्य कार्यालय भोजपुर, कृषि ज्ञान केन्द्र भोजपुर, कोशी प्रदेश मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय र कोशी प्रदेशको सवै मन्त्रालयहरुमा नाम सच्चाउनको लागि पत्रचार गरि पठाउने ।

२०८२।२।६
प्रमुख प्रशासकीय अधिकृत

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर २०७३

०८।२।६
अशोक राई
अध्यक्ष